

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १४ गते बिहीबार ❑ 27 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बेपत्ता र सत्य निरुपण विधेयक छिटो अघि बढाऔँ : पूर्वप्रधानमन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले बेपत्ता पारिएका नागरिकको खोजी र सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विषय संवदेनशील रहेकाले विधेयक छिटो अघि बढाउनुपर्ने बताउनुभएको छ।

तत्कालीन दस वर्षे जनुयुद्धका क्रममा राज्यद्वारा बेपत्ता पारिनुभएका विद्यार्थी नेता पूर्ण पौडेलको स्मरण तथा प्रतिष्ठान घोषणा कार्यक्रमलाई आज पोखरामा सम्बोधन गर्दै उहाँले विभिन्न मानिसका चलखेल र धमिलो पानीमा माछा मार्ने प्रवृत्तिले गर्दा आयोगसम्बन्धी विधेयक लामो समय अड्काएर राखिएको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "शान्ति प्रक्रिया सुरु भएको र संविधान निर्माणको लामो समय व्यतीत हुँदासमेत शान्ति प्रक्रियामा व्यवस्था भएका बेपत्ता भएका नागरिकको खोजी र सत्य निरुपण तथा मेलमिलाप आयोगको काम पूरा भएको छैन।" हालसालै मात्र प्रमुख दलहरुबीच सो सम्बन्धमा भएको सहमतिबारे अध्यक्ष भट्टराईले भन्नुभयो, "विधेयक विशेष समितिमार्फत छिटो अघि बढाउने र आयोगबाट टुङ्गो लगाउने भन्ने भएको छ । अब आरोप प्रत्यारोप नगरिकन संवेदनशील विषयलाई छिटोभन्दा छिटो टुङ्गाउनुपर्दछ।" डा भट्टराईले सहिद, बेपत्ता तथा घाइतेको विषय माओवादीको मात्र विषय नभएको बताउनुभयो।

जनुयद्धले लडेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधान, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीतालगायत विषय सबै पार्टी र जनताको भएकाले त्यसका लागि लड्नेको समस्या पनि सबैको भएको उहाँको भनाइ छ । पूर्वप्रधानमन्त्री भट्टराईले जनताको असन्तुष्टिलाई सम्बोधन गर्न नसके देश डरलाग्दो अराजकतामा फस्नेसमेत उल्लेख गर्नुभयो। "देशमा चरम असन्तुष्टि छ। केही समययताका परिघटना हेर्नुस् वा उपनिर्वाचनलाई हेर्नुस् । जुन प्रकारका असन्तुष्टिहरु व्यक्त भईराखेका छन् । यसलाई गम्भीरतापूर्वक लिनुपर्छ ।" उहाँले भन्नुभयो । उहाँले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेर छिटोभन्दा छिटो जनतालाई सुशासन र समृद्धिको जनताको चाहना पूरा गर्नेतर्फ लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देव गुरुङले सहिद, बेपत्ता तथा घाइतेलाई न्याय दिनु राज्यको कर्तव्य भएको बताउनुभयो। देशमा एकाधिकारवादी दलाल पुँजीवाद हाबी भएकाले यसको अन्त्य बिना आर्थिक क्रान्ति सम्भव नहुने महासचिव गुरुङले बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले नेपालमा संसदीय व्यवस्था असफल भएको दाबी गर्नुभयो । छोटो समयमा सरकार परिवर्तन हुँदासमेत जनताका चाहना सम्बोधन नभएको चन्दले बताउनुभयो । उहाँले भन्नुभयो, "आजको आर्थिक, राजनीति, सांस्कृतिक सङ्कटको मुख्य कारण राजनीतिक प्रणाली स्थिर हुन सकेन। सरकारले सपना, लक्ष्य र मानचित्र प्रस्तुत गर्न सकेन । अहिले देशमा स्थिरता चाहिएको छ ।" कार्यक्रममा नेपाली कांग्रेसका नेता यज्ञबहादुर थापा, नेकपा (एकीकृत समाजवादी)का नेता श्रीनाथ बराललगायतले परिवर्तनमा योगदान दिने सहिद तथा बेपत्ताका सपना पूरा गर्नुपर्ने दायित्व सबै राजनीतिक दलहरुको भएको बताउनुभएको थियो।

## देवघाटलाई धार्मिक पर्यटनको केन्द्र बनाउँछु : सांसद वाग्ले

**पोखरापत्र संवाददाता**
दमौली, १३ बैशाख



तनहुँ क्षेत्र नम्बर १ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले देवघाटलाई धार्मिक पर्यटनको केन्द्र बनाउने प्रतिबद्धता जनाउनुभएको छ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि बुधबार देवघाटका मतदातालाई धन्यवाद दिन पुग्नुभएका वाग्लेले देवघाटलाई देशकै प्रमुख धार्मिक पर्यटनको केन्द्र बनाई देश तथा विदेशबाट धेरैभन्दा धेरै पर्यटक भित्र्याउने गरी काम गर्ने उल्लेख गर्नुभयो । धार्मिक आस्थालाई आर्थिक समृद्धिसँग जोड्न सकिने भन्दै वाग्लेले देवघाट गाउँपालिकाका पिछडिएको क्षेत्रलाई विकासको मूलधारमा ल्याउने आफ्नो प्राथमिकता रहेको बताउनुभयो।

प्रतिनिधिसभा सदस्य वाग्लेले राजनीतिलाई मागी खाने भाँडो बनाउने प्रवृत्तिको अन्त्य रास्वपाले गर्ने बताउनुभयो । टीका लगाएर पद पाउने मोडलले राजनीतिलाई भ्रष्ट बनाएको बताउँदै उहाँले भन्नुभयो, "कुनै ठाउँको टिकट दिनुपर्दा माथिबाट टीका लगाएर पठाइदिने होइन, सम्बन्धित ठाउँका जनताले त्यहीबाट छान्ने हो।" अन्य क्षेत्रमा नाम कमाएर सफल भएकालाई भित्र्याएर बढीमा दुई पटक अवसर दिने परम्परा सुरु गरिने बताउँदै उहाँले भन्नुभयो, "एउटै मान्छे आजीवन लडिरहने प्रवृत्तिको अन्त्य गरिनेछ । कार्यकर्ताको भद्दा संरचनाले विकृति बढाएको छ। रास्वपा त्यसतर्फ जाँदैन ।" सो अवसरमा सांसद वाग्लेलाई देवघाटका धार्मिक प्रतिष्ठान, विभिन्न सङ्घसंस्था तथा सर्वसाधारणहरुले स्वागत एवं बधाई दिएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी देवघाटका संयोजक बलबहादुर क्षेत्रीलगायतका नेताले सांसद वाग्लेसमक्ष देवघाटका समस्याको बारेमा जानकारी गराउनुभएको थियो।

डा वाग्लेले मङ्गलबार व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका र आँबुखैरेनी गाउँपालिकाका विभिन्न ठाउँमा पुगेर मतदातालाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । वैशाख १० गते सम्पन्न उपनिर्वाचनबाट ३४ हजार नौ सय ११ मत प्राप्त गरी डा वाग्ले प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

## साढे चार सयले लिए सगरमाथा आरोहणको अनुमति

**रासस**
काठमाडौं, १३ बैशाख

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि चार सयभन्दा बढी आरोहीले अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार आजसम्म ४२ आरोही समूहका चार सय ६३ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका हुन् । पर्वतारोहण शाखाका शाखा अधिकृत विज्ञान कोइरालाका अनुसार अब दुई/तीन जना नेपाली र केही विदेशी सगरमाथा आरोहणको अनुमति लिने प्रक्रियामा छन् । समग्रमा यो वर्षको वसन्त ऋतुमा करिब चार सय ७० आरोहीले अनुमति लिने विभागको अनुमान रहेको छ।

अनुमति लिएका आरोही अहिले सगरमाथाको आधार शिविर र दोस्रो शिविरमा आरोहणको प्रतीक्षामा छन्।

सगरमाथाको चौथो शिविरसम्म आइसफल डाक्टरले बाटो बनाइसकेका छन् । सगरमाथाको चुचुरोमा डोरी टाँगेपछि आरोहण सुरु हुन्छ । सरकारले सगरमाथा आरोहण अनुमतिबाट मात्रै रु ७३ करोड ७४ लाख राजस्व सङ्कलन गरेको छ।

## सात जना श्रष्टालाई सम्मान अर्पण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा स्थापित बनिसकेका ७ जना श्रष्टा सम्मानित हुने भएका छन्।

गण्डकी प्रज्ञा प्रतिष्ठानले दोस्रो वार्षिकोत्सवको अवसरमा उनीहरुलाई सम्मान गर्न लागेको हो । यसरी सम्मानित हुनेहरुमा गण्डकी प्रज्ञा संस्कृति सम्मानबाट कास्कीका श्रष्टा तीर्थ श्रेष्ठ, गण्डकी प्रज्ञा साहित्य सम्मानबाट पर्वतका श्रष्टा शान्तिनारायण श्रेष्ठ, गण्डकी प्रज्ञा संगीत सम्मानबाट स्याङजाका श्रष्टा अम्मर पोखरेली, गण्डकी प्रज्ञा कला सम्मानबाट तनहुँका श्रष्टा आलोक गुरुङ छन् । उनीहरुलाई जनही एक लाख रुपैयाँ नगद, सम्मानपत्र, दोसल्ला सहित सम्मान अर्पण गरिने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जनाए।

यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठान नारी सम्मानबाट लमजुङकी माया गुरुङ सम्मानित हुनेछिन्। उनलाई नगद पचास हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिनेछ।

गण्डकी प्रज्ञा युवा सम्मानबाट मोती बहादुर कार्की र लक्ष्मी थापा सम्मानित हुने भएका छन्। उनीहरुलाई नगद २५ हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिनेछ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको संयोजकत्वमा गठन भएको छनोट समितिले उनीहरुलाई छनोट गरेको हो। छनोट समितिमा वरिष्ठ कलाकार दुर्गा बराल वात्स्यायन, वरिष्ठ लोक दोहोरी गायिका प्राज्ञ हरिदेवी कोइराला, प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ र सदस्य सचिव मनकुमार श्रेष्ठ सदस्य रहेका थिए। सबै श्रष्टालाई यहीं बैशाख १५ गते शुक्रबार दिउँसो साढे १ बजे गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा विशेष कार्यक्रमको आयोजना गरेर सम्मान अर्पण गरिनेछ । सो कार्यक्रममा सम्मानित श्रष्टाले धुनमा कविता सुनाउनेछन्। यसैगरी झाँकी प्रदर्शन, नृत्य प्रस्तुती र गायन प्रस्तुती समेत कार्यक्रमको आर्कषणको रुपमा रहने प्रतिष्ठानले जनाएको छ । कार्यक्रम भव्य बनाउन तयारीमा तिव्रता दिइएको सदस्य सचिव श्रेष्ठले बताए । साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य गरिरहेको प्रतिष्ठानले यो वर्ष थप केही महत्वपूर्ण कार्य गरेको छ । गण्डकी प्रदेशको नाट्य क्षेत्रलाई लक्षित गरेर 'गण्डकी नाट्यदर्पण' प्रकाशन गरेको प्रतिष्ठानले गण्डकी प्रदेशका विभिन्न जिल्लाका २८ जना श्रष्टाको वायोग्राफी समेत तयार पारेको छ।

परम्परागत गीत संरक्षणको र श्रष्टा स्वास्थ्य विमा कार्यक्रमको समेत थालनी गरेको छ। वाजा प्रशिक्षण, भाषा प्रशिक्षण, कार्यशाला लगायतका कार्यक्रमलाई यो वर्ष समेत निरन्तरता दियो। यसका अलावा गण्डकी प्रदेशमा आयोजना हुने कला, साहित्य, संगीत लगायतका कार्यक्रममा सहकार्य गरेर आफ्नो उपस्थिती समेत देखाइरहेको छ। प्रतिष्ठानको स्थापना २०७८ साल बैशाख १५ गते भएको थियो । यसअघि प्रतिष्ठानले पहिलो वार्षिकोत्सव तीन दिने कार्यक्रमको आयोजना गरेर मनाएको थियो।

## भिरकोटमा माटो परीक्षण ल्याब

**पोखरापत्र संवाददाता**
वालिङ, १३ बैशाख

स्याङ्जाको भिरकोटमा माटो परीक्षण प्रयोगशाला स्थापना गरी सेवा दिन थालिएको छ।

भिरकोट नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहकार्यमा भिरकोट-२ मा माटो परीक्षण प्रयोगशाला स्थापना गरी सेवा दिन थालिएको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो । माटोमा हुने तत्वबारे न्यूनतम जानकारी पाउन र माटो परीक्षण गर्न पनि पोखरा जानुपर्ने बाध्यता रहेकामा किसानलाई आफ्नै ठाउँमा सेवा उपलब्ध गराउने उद्देश्यले उक्त प्रयोगशाला सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।"अत्याधुनिक उपकरण जडान गरी स्थापना गरिएको प्रयोगशालाबाट माटोको अवस्थाबारे किसानलाई जानकारी दिने गर्छौं" नगरप्रमुख कर्माचार्यले भन्नुभयो, "आफूले बाली लगाएको माटोको अवस्थाबारे किसानले जानकारी पाउने र माटोमा भएका कमी कमजोरीको उपचार गर्न सकिने भएकाले यो प्रयोगशाला निक्कै उपयोगी हुने विश्वास हाम्रो छ।" नगरभित्रका नौवटा वडाको तालिका बनाएर प्रयोगशालाबाट माटो परीक्षण गर्ने तयारीमा नगरपालिका छ।

डिजिटल माध्यमको अत्याधुनिक उपकरणबाट माटोमा भएको 'पिएच'को मात्रा तत्कालै र अन्य अन्य तत्वको मात्रा १-२ दिनभित्रै किसानलाई उपलब्ध गराइने कृषि शाखा प्रमुख किसान अर्यालले बताउनुभयो । "माटोसम्बन्धी विभिन्न १२ वटा प्यारामिटरको परीक्षण प्रयोगशालामा हुन्छ" उहाँले भन्नुभयो, "माटोमा भएको कमी कमजोरीकाबारेमा जानकारीसहित उपचार विधिबारे पनि सुझाव तथा परामर्श दिने गरिएको छ।" भिरकोटमा माटो परीक्षण प्रयोगशाला नहुँदा यहाँका किसानले माटोको नमुना लिएर पोखरा जानुपर्ने बाध्यता थियो। त्यसमा पनि परीक्षण गर्न समय लाग्ने गरेकाले तत्कालै नतिजा नआउने र ढिलो हुँदा किसान बालीनाली लगाउने समय घर्किसक्ने हैरानीमा थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।



हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरा स्पोर्ट्स अवार्डको लागि मनोनयन सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरामा आयोजना गर्न लागेको सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' को मनोनयन सार्वजनिक गरिएको छ।

बुधबार क्लासिक चुलो पोखरामा पत्रकार सम्मेलनको आयोजना गरेर मञ्चले चार विधामा मनोनयनमा पर्न सफल भएका तीन-तीन जना खेलाडी र प्रशिक्षकको नाम सार्वजनिक गरेको हो । वर्ष २०७९ मा उनीहरुले प्राप्त गरेका उपलब्धिको आधारमा मनोनयन सार्वजनिक गरिएको महासचिव राजाराम पौडेलले जनाए । जस अनुसार वर्ष खेलाडी पुरुष तर्फ क्रिकेटका करण केसी, आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का रहेका छन् । केसी बागलुङ, कुँवर तनहुँ र खड्का कास्की जिल्ला स्थायी ठेगाना भएका खेलाडी हुन् । वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजिना थापा मगर, फुटवलकी सावित्रा भण्डारी र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन् । रोजिना र सुस्मिता बागलुङका हुन् भने सावित्रा लमजुङ जिल्लाकी हुन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्नेछन् । उदियमान खेलाडीतर्फ भलिवलका रवि केसी, फुटवलका सुमित श्रेष्ठ र क्रिकेटका सुवास भण्डारी रहेका छन् । केसी र भण्डारी बागलुङका हुन् भने श्रेष्ठ कास्कीका हुन् ।

वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङ, लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार छन् । किशोर स्याङजाका हुन् भने निरज र सुरज कास्कीका हुन् । मञ्चले प्रदान गर्ने कुल ७ विधा मध्ये बाँकी विधाहरु लाइफटाइम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेल संघ र पत्रकारिता अवार्डको घोषणा आगामी दिनमा सार्वजनिक गरिने महासचिव पौडेलले जनाए । वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने मञ्चका कोषाध्यक्ष कविता घर्ती मगरले जनाइन् । लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी र प्रमाणपत्र प्रदान गर्ने मञ्चले जनाएको छ ।

अवार्ड कार्यक्रम सम्पन्न गर्न ३२ लाख ३५ हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको र सो खर्च व्यवस्थापनको लागि ३५ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको अध्यक्ष दीननाथ बरालले जनाए । बचत भएको रकम पत्रकार कल्याणकारी अक्षयकोष तथा वृत्ति विकासका तालिममा खर्च गरिने बराले खुलाए । अवार्ड कार्यक्रमलाई सफल बनाउन विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसरी सहयोग गर्नेमा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड रहेका छन् । नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, पब्लिक टेलिभिजन, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, लगायतले समेत सघाउने तय भैसकेको छ ।

यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर ग्रुप अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको मञ्चका सचिव शशीकुमार पौडेलले जनाए । अवार्ड कार्यक्रम यहीं बैशाख २३ गते शनिबार दिउँसो २ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुनेछ । अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा सांगीतिक तथा सांस्कृतिक कार्यक्रम समेत रहने उपाध्यक्ष सुरज श्रेठले बताए । मञ्चले स्पोर्ट्स अवार्डलाई बृहत् बनाउन मञ्च अध्यक्ष बरालको संयोजकत्वमा मूल आयोजक समिति र तेह्रवटा विभिन्न उपसमिति गठन गरेको छ । मञ्चका अध्यक्ष बरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिम्सीना पंगेनी, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव पौडेलले अवार्ड कार्यक्रमको बिभिन्न पाटोको बोल्दै सहभागीका जिज्ञासा समेत मेटाए । मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् । खेलाडीलाई उर्जा थप्न नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको मञ्चका प्रवक्ता समेत रहेका महासचिव पौडेलले जनाए।

# विश्व टेबलटेनिस डेको अवसरमा टेबलटेनिस प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



विश्व टेबलटेनिस डेको अवसरमा नौलो घुम्ती नेपालको आयोजनामा कास्कीमा लागु पदार्थ न्युनिकरणको लागि काम गर्ने गैरसरकारी संस्थाविच टेवलटेनिस प्रतियोगिता मंगलबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि, नौलो घुम्ती नेपालका पुर्व अध्यक्ष तथा नेपाल ओलम्पिक कमिटिका सदस्य खड्गबहादुर रानाभाटले उद्घाटन गर्दै व्यक्तिको चौतर्फी विकासमा खेलकुदको महत्व ठुलो हुने वताएका थिए । जिल्ला टेबलटेनिस संघ कास्कीका अध्यक्ष उत्तम जोशी र रिकभरी नेपालका दिलिप गुरुङले टेवलटेनिस खेलले व्यक्तिको मानसिक तथा शारिरीक थेरापी गर्ने भएकाले नियमित रुपमा खेल्नु पर्ने वताए । प्रतियोगितामा मेन्स सिङगल तर्फ रिचमण्ड फेलोसीपका अनुश त्रिपाठी प्रथम, नौलो घुम्ती नेपालका रुपक थापा दोश्रो, हेल्पिङ हेन्सका संजित केसी र सुमन क्षेत्री तृतिय भएका थिए । त्यस्तै वुमन्स सिङगल तर्फ प्रथम, दोश्रो र तृतिय सबै नौलो घुम्ती नेपालका क्रमशः निलिमा रजक, अन्जना थापा मगर, अनु दवाडी र सिवनी गौतम भएका थिए । त्यसै गरी मेन्स डबल तर्फ हेल्पिङ हेन्सका संजित केसी र सागर सापकोटा प्रथम, नौलो घुम्ती नेपालका रुपक थापा र अनिष सापकोटा दोश्रा, रिचमण्ड फेलोसिपका अनुस त्रिपाठी र विकास क्षेत्री तथा मनोज कुमार गुरुङ र सन्तोष गुरुङ तृतिय भएका थिए । इन्टरनेशनल टेवलटेनिस फाउण्डेसनको आर्थिक सहयोगमा लागु पदार्थ दुर्व्यसनीको उपचारार्थ रिहावमा भर्ना भएका व्यक्तिहरुलाई टेवलटेनिस खेलको माध्यमबाट सोचाइमा सकरात्मकता ल्याइ जिवन शैलीमा परिवर्तन ल्याउने उद्धेश्यले प्रतियोगिता आयोजना गरिएको नौलो घुम्ती नेपालका कार्यक्रम संयोजक ओम गुरुङले वताए । उक्त प्रतियोगितामा कास्की जिल्लामा रहेका कम्युनिटि सपोर्ट ग्रुप, रिचमण्ड फेलोसिप, गौरब नेपाल, नौलो घुम्ती नेपाल, रिकभरी नेपाल, हेल्पिङ हेन्स् लगाएत ८ वटा संस्थाका ३६ जना खेलाडीहरुको सहभागिता रहेको थियो । विजेता खेलाडीहरुलाई जिल्ला टेबलटेनिस संघ कास्कीका अध्यक्ष उत्तम जोशी, संघका सचिव तथा पत्रकार कृष्ण रानाभाट, रिकभरी नेपालका दिलिप गुरुङ लगाएत अतिथिहरुले मेडल, प्रमाण पत्र र पुरस्कार प्रदान गरेका थिए ।

# बागलुङका १३ कार्यालयले बिदामा पनि सेवा दिने

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ बैशाख

जिल्ला प्रशासन कार्यालय बागलुङसहित १३ सरकारी कार्यालयले सार्वजनिक बिदाका दिन पनि सेवा दिने भएका छन् । शनिबारबाहेक विभिन्न चाडवाडको समयमा दिइने सार्वजनिक बिदाका दिन कार्यालयबाट प्रवाह हुने सबैखाले सेवा दिइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार यस वर्ष सार्वजनिक बिदा दिइएको १६ दिन पनि कार्यालय खुल्ने छन् । वैशाख २२ गते (उभौली पर्व, बुद्धजयन्ती), जेठ १५ गते (गणतन्त्र दिवस), भदौ १४ गते (रक्षाबन्धन), भदौ २० गते (श्रीकृष्ण जन्माष्टमी), असोज २८ गते (घटस्थापना) र पुस ९ गते (क्रिसमस डे) मा सेवा प्रवाह हुने सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । यी सबै दिन सार्वजनिक बिदा छन् । त्यस्तै पुस १० गते किरात समुदायको उभौली पर्व, योमरी पुन्ही र पुस १५ गतेको तमु ल्होसारका दिनमा पनि कार्यालय खुल्नेछ । पुस २७ गतेको पृथ्वी जयन्ती र माघ १ गतेको माघी पर्वका दिन पनि कार्यालय खुल्ने बरालले जानकारी दिनुभयो । फागुन १ गते जनयुद्ध दिवस, फागुन ७ गते प्रजातन्त्र दिवस, फागुन २५ गते महाशिवरात्री, फागुन २८ ग्याल्पो ल्होसार/बकर इदका दिन पनि प्रशासन कार्यालयबाट नियमित रूपमा सेवा प्रवाह हुनेछ । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, पर्यटन बोर्ड, मालपोत, नापी र जिल्लामा रहेका सबै स्थानीय तहका कार्यालय, भेटेरीनरी अस्पताल, खानेपानी डिभिजन, विद्युत् वितरण केन्द्र र यातायात व्यवस्था कार्यालयलाई शनिबारबाहेकका सार्वजनिक बिदाका दिनसमेत सेवा प्रवाहका लागि निर्देशन दिइएको बरालले बताउनुभयो ।


**बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।**

- तीन बर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्दछ ।
- उनीहरुले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिकाहरु चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# साउदी अरेबियालाई हराउँदै ओमान सेमिफाइनलमा पुग्यो

**रासस**
काठमाडौं, १३ बैशाख

एसिसी प्रिमियर लिग क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएको समूह अन्तर्गतको खेलमा ओमानले साउदी अरेबियालाई पराजित गर्दै सेमिफाइनमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा ओमनले साउदी अरेबियालाई ७२ रनको फराकिलो अन्तरले पराजित गर्दै समूह 'ए' बाट सेमिफाइनलमा पुग्ने दोस्रो टोली बनेको छ । सो समूहबाट यसअघि नेपाल सेमिफाइनलमा प्रवेश गरिसकेको थियो । यो जितसँगै ओमनले चार खेलमा ६ अङ्क बटुल्दै सेमिफाइनल यात्रा तय गरेको हो । ओमनले साउदी अरेबियालाई जितको लागि तीन सय ६७ रनको चुनौती दिएको थियो । जवाफमा साउदी अरेबिया ४६ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै दुई सय ९४ रनमा समेटियो । साउदी अरेबियाका लागि सुरुआती ब्याट्समान अब्दुलल वहिलले ९५ रनको योगदान गरे । उनले ८६ बल खेल्दै १४ चौका र एक छक्काको मद्दतमा ९५ रनको योगदान गरेका हुन् । त्यस्तै साद खानले ७८ रन बनाए । उनले ८० बलमा १० चौका र एक छक्का प्रहार गरे । हिसम शेखले ३६, अब्दुल वाहिदले २५, अतिफ उर रेहमानले १६ तथा इम्रान अरिफले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेकनन् ।

बलिङतर्फ ओमानका खेलाडी विलाल खान एक्लैले चार विकेट लिए भने जय ओडेद्राले तीन विकेट झारे । जिसन मोक्सुदले दुई विकेट लिँदा आयन खानले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको ओमनलले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै तीन सय ६६ रनको योगफल बनाएको थियो । ओमनका पाँच ब्याटरले अर्धसतक प्रहार गरेका थिए । ओमनका जीतेन्द्र सिंहले सर्वाधिक ८८ रनको योगदान दिए । उनले ७९ बल खेल्दै ११ चौका र दुई छक्काको मद्दतमा ८८ रनको योगदान गरेका हुन् । त्यसैगरी ओमनका अर्का खेलाडी मोहमद नादिमले अविजित ७१ रन बनाउदाँ स्वेब खानले ६८ तथा कप्तान जिसन मोक्सुदले ५४ रन जोडे । त्यस्तै कस्यप प्रजापतिले ५१ रनको योगदान दिए । बलिङतर्फ साउदी अरेबियाका अतिफ उर रेहमानले तीन विकेट लिए भने अबदुल वाइदले दुई विकेट झारे ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# अख्तियारलाई खुम्च्याउने काम नगर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट निजी क्षेत्र अलग राख्नुपर्ने आवाज उठेको छ । निजी क्षेत्रका संगठनले ठूल दलका नेता भेटेर अख्तियारको क्षेत्र विस्तार नगर्न अनुरोध गरेर अख्तियारको कानुनमा संशोधन प्रस्ताव दर्ता भएका छन् । संशोधन दर्ता गराएका सांसदहरूले सम्बन्धित क्षेत्रकोः नियमन गर्ने कानुन भएको अवस्थामा त्यस्ता निकायमा अख्तियार प्रवेश नगराउने तर्क गरेका छन् । मूल विधेयकको दफा २ (७) मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर सार्वजनिक संस्थाका रूपमा परिभाषित गरे त्यस्ता संस्था पनि अख्तियारको अधिकार क्षेत्रमा पर्ने प्रस्ताव गरिएको थियो । यो हटाउनुपर्ने र आयोगले नेपाल सरकार र सरकारसँग सम्बन्धित निकायहरूको कामकारबाहीका सम्बन्धमा मात्र अनुसन्धान तहकिकात गर्ने व्यवस्था राख्नुपर्ने, निजी क्षेत्रको आर्थिक अनियमितताबारे आयोगले अनुसन्धान तहकिकात गर्नेछैन भन्ने व्यवस्था गर्नुपर्ने मनसायमा संशोधन प्रस्तावहरू छ ।

संसदीय अभ्यासमा विधेयकहरूमा बृहत् छलफल गरी सहमति वा असहमतिको टुङ्गोमा पुर्‍याउने 'मिनीः पार्लियामेन्ट' मानिने समितिको सर्वसम्मति अनि पाकाहरूको मानिने राष्ट्रिय सभाको निर्णयमा असहमत हुँदै उनै दलहरूका तर्फबाट यस्तो संवेदनशील र अपेक्षित विषयमा संशोधन प्रस्ताव दर्ता गरिनुले देखाएको छ- दलहरूलाई गैरसरकारी अर्थात् निजी क्षेत्र र अन्तर र्ष्ट्रिय संस्थाका व्यापारी, व्यवसायी र नाफाखोरहरूले मुट्ठीभित्र पार्ने प्रयासबाट जोगाउनजस्तै चुनाव खर्च र अन्य बेलाका 'दानापानी' निजी क्षेत्रबाटै उठाउने गरेको आरोप छ। आलोचित राजनीतिक नेताहरूले भ्रष्टाचारबाट व्यापारी व्यवसायीलाई ओभानो राख्न खोज्नुको अरू कुनै युक्तिसम्मत कारण देखिन्न ।

भ्रष्टाचार सर्वाङ्ग विस्तारित राष्ट्रिय रोग भएको छ । भ्रष्टाचारीको कालो टीका थापिरनेता र सरकारी कर्मचारीले। तर तिनलाई भ्रष्टाचारी बनाउने सर्वसाधारणदेखि घरानिया व्यापारी, व्यवसायी अनि अन्तर्राष्ट्रिय सहयोगमा सञ्चालित गैरसरकारी संस्थासमेत हुन् । निजी क्षेत्र असहमत भएका क्षेत्र/संस्था पनि करदाता जनताकै साझेदारी वा संलग्नता रहेका क्षेत्र हुन् । एकल व्यक्तिको लगानी भए पनि तिनको जवाफदेहिता राज्य र सेवाग्राहीप्रति हुनुपर्छ किनभने तिनले राज्यको सुविधा र करदाताको पैसा लिएका हुन्छन् । राज्य र जनताबाट लाभ मात्र लिन खोज्ने, राज्य नियमनमा बस्न नरुचाउने, सम्पत्ति लुकाउने र विदेशमा धन थुपार्ने पनि भ्रष्टाचार, दुराचार हो । त्यसैले त्यस्ता संस्थामा भएका अनियमिततालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न पाउनुपर्छ । ढुक्कसँग काम गर्ने वातावरण बनेमा भ्रष्टाचार कम हुन्छ ।

राज्यले अन्तर्राष्ट्रिय मञ्चमा गरेको प्रतिबद्धतासमेतलाई आधार मानेर अख्तियारको क्षेत्राधिकार विस्तार गर्ने प्रावधान थपिएको हो । भ्रष्टाचारविरुद्धको महासन्धि अनुमोदन भएको अवस्थामा राज्यले निजी क्षेत्रको भ्रष्टाचार हेर्नुपर्छ भन्ने त्यो महासन्धिको व्यवस्थाले कुनै पनि किसिमको भ्रष्टाचार कारबाहीको दायरामा आउनुपर्छ भन्ने मान्यता राख्छ। अधिकारप्राप्त आयोगले दायर गरेका 'धनी मुद्दा' त अदालतबाट उन्मुक्त हुने, अनियमितता, काममा ढिलासुस्ती गरेर 'भेरिएसन'मा कमाइ गरी राजनीतिक नेता पाल्ने यो मुलुकमा अख्तियारको क्षेत्राधिकार बढाइनु अत्यावश्यक छ । यसले सुशासन कायम गर्न सहयोग मिल्नेछ भने समृद्धिमा भ्रष्टाचार नै बाधक भन्ने करकर पनि टुङ्गिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लमजुङका विद्यालय भवनको पुनःनिर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ बैशाख

गोरखा भूकम्पका कारण क्षतिग्रस्त यहाँका एक सय ६३ वटा विद्यालयको पुनःनिर्माण सकिएको छ । भूकम्पको आठ वर्षमा सबै विद्यालय भवनको पुनःनिर्माण सम्पन्न भएको शिक्षा विकास तथा समन्वय एकाई लमजुङका प्रमुख वीरबहादुर गुरुङले जानकारी दिनुभयो ।

"बैंसीश बाङ्गेको बाल ज्योति माध्यमिक र मध्यनेपाल नगरपालिकास्थित डढुवा दुच्छीं माध्यमिक विद्यालयमा चार कोठे विद्यालय भवन पुनःनिर्माण सम्पन्न भएसँगै जिल्लामा क्षतिग्रस्त सबै विद्यालयको भवन, शौचालय र खानेपानीको धारा पुनःनिर्माण सम्पन्न भएको छ", उहाँले भन्नुभयो । जिल्लामा ९१ वटा चार कोठे, १९ वटा तीन कोठे र दुई कोठे ५३ वटा विद्यालय भवन पुनःनिर्माण भएको हो । साथै ६९ वटा शौचालय, ३६ वटा खानेपानी धाराको पुनःनिर्माण सकिएको छ। जिल्लामा विद्यालय भवन, शौचालय र खानेपानी गरी दुई सय ६८ वटा कार्यक्रम लागू गरिएको थियो । पुनःनिर्माणको काम आर्थिक वर्ष २०७३/२०७४ बाट सुरु भएको थियो । तत्कालीन समयमा पाँच वर्षमा पुनःनिर्माण पूरा गर्ने लक्ष्य लिइएको थियो ।

# मकै बालीमा फौजी कीराको प्रकोप

**पोखरापत्र संवाददाता**
पर्वत, १३ बैशाख

पर्वतमा कृषकले लगाएको मकै बालीमा अमेरिकन फौजी कीराको प्रकोप देखिएको छ । मौसमको प्रतिकूलताका कारण यसको प्रकोप बढ्दै गएको हो ।

लामो समयको खडेरीका कारण मकैका बोटमा शत्रु जीव 'अमेरिकन फौजी कीरा' को प्रकोप देखिन थालिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । विभिन्न स्थानमा उक्त कीराको लार्भाले मकैको बोटको पात र गुभा खाएको पाइएको छ । 'फौजी कीरा'को प्रकोप फैलिने देखिएको कृषि ज्ञान केन्द्रका प्रमुख तथा वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो । विगत वर्षमा मनसुन बढी सक्रिय रहेका कारण कीराको प्रभाव नदेखिएको उहाँको भनाइ छ ।

"यस वर्ष किराले मकैको बोट खान थालेको छ, गर्मी बढेकाले कीराको प्रकोप फैलिन सक्ने जोखिम छ", उहाँले भन्नुभयो-"अघिल्लो वर्ष मनसुन बढी सक्रिय भएका कारण यसको प्रकोप थिएन । लामो समयसम्म वर्षा नहुँदा यसको प्रकोप देखिन्छ । घाम लागेर खडेरी परेको बेला यसको प्रकोप बढ्छ ।"

गोरखामा २०७७ सालमा अमेरिकन फौजी कीराले मकैको बोट र गुभा खाएर नष्ट गरेको थियो । उक्त जिल्लामा कृषकले ठूलो क्षति व्यहोर्नुपरेको थापाले बताउनुभयो । पछिल्लो समय पर्वतमा यसको जोखिम बढ्दै गएको छ । कृषि ज्ञान केन्द्रले कुश्मा नगरपालिका-९ कटुवाचौपारीमा यतिबेला आइपिएम कृषक पाठशाला सञ्चालन गरिरहेको छ । सोही क्रममा कृषकले प्रत्यक्षरूपमा मकैखेतीमा नै गएर मकैको विकास क्रमलगायतका बारेमा अध्ययन गरिरहेका छन् ।

सोही क्रममा गत शुक्रवार 'फौजी कीरा'ले मकैको बोट खाएको देखिएको हो । लगत्तै कुश्मा नगरपालिका-२ खुर्कोटमा पनि 'फौजी कीरा'ले मकैका बोट खाएको पाइएको थियो । फलेवास, विहादी, महाशिला, मोदी र पैंयुका केही वडामा पनि यो कीराको प्रभाव देखिन थालेको कृषकले बताएका छन् । अधिकृत थापाका अनुसार वयस्क कीराले मकै वा अन्य बालीको पात र गुभामा अण्डा पार्छ । करिब दुई हप्तासम्म लार्भा अवस्थामा रहने यो कीराले सबैभन्दा बढी क्षति नै लार्भा अवस्थामा पूर्‍याउँछ । करिब एक हप्ताको वयस्क अवस्थामा उडेर टाढा-टाढासम्म पुगेर अन्डा पार्ने भएका कारण छोटो समयमा नै यसको प्रकोप फैलिने उहाँले बताउनुभयो । एक ठाउँमा देखिनु भनेको धेरै ठाउँमा देखिनु भएकाले यदाकदा देखिँदा बित्तिकै यसको प्रकोपको भय हुने उहाँले बताउनुभयो ।

पर्वतका विभिन्न स्थानीय तहमा रहेका १० समूहले मकैको बीउ उत्पादन गरिरहेका छन् । ती समूहलाई 'अमेरिकन फौजी कीरा' को प्रकोपबारे केन्द्रले जानकारी गराएको छ । केन्द्रका कृषि प्राविधिक तथा कार्यालयका सूचना अधिकारी विश्वास काफ्लेले उक्त कीराले रातिको समयमा बढी क्षति गर्ने गरेको बताउनुभयो ।

यसको व्यवस्थापनका लागि खेतबारीमा नियमित अवलोकन गर्ने, बालीको बीच-बीचमा 'डेस्मोडियम' घाँस लगाउने, खेतबारीको छेउछाउमा 'नेपियर' घाँस लगाई कीरा आकर्षण गरी विषादी प्रयोग गरेर एकैपटक मार्नेलगायत उपाय अपनाउन थापाले सुझाव दिनुभयो ।

## व्यक्ति एउटै भएको सूचना



कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. १३ निवासी भारतीय भू.पू सै.नं. JC80986 हर्क बहादुर गुरुङको छोरा गम बहादुर गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गम बहादुर गुरुङ जन्ममिति २०२६/०७/०१ भएको र पिताको भारतीय सैनिक अभिलेखमा नामथर डिल बहादुर गुरुङ जन्ममिति २०२८/१०/०३ भएकोले उल्लेखीत दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका वडा कार्यालय-१३ को च.नं. ३६८९ मिति २०८०/०१/०५ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# म्याग्दी नदीमा दुईवटा मोटरेबल पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ बैशाख

मङ्गला गाउँपालिकाको बरंजा र अर्मनलाई सडक सञ्जालसँग जोड्न म्याग्दी नदीमा दुई मोटरेबल पुल निर्माण गरिएको छ । सडक डिभिजन कार्यालय बागलुङले मङ्गला-२ बाबियाचौरको माटेबगर र वडा नं ५ अर्मनको पोक तथा बेनी नगरपालिका-४ फापरखेतबाट मङ्गला गाउँपालिका-३ पखेर जोड्ने पक्की मोटरेबल पुल निर्माण गरेको हो ।

पुल बनेपछि जिल्लाको मुख्य बेनी-दरवाङ सडक हुँदै ठूलो भूगोल र बस्ती भएका बरंजा र अर्मन सिधा सडक सञ्जालमा जोडिएका मङ्गला गाउँपालिकाका-३ का वडाध्यक्ष याम रोकाले बताउनुभयो ।

"पखेरको पुलले जिल्ला सदरमुकामबेनीरपोक-माटेबगरको पुलले गाउँपालिकाको केन्द्र बाबियाचौरलाई तीन वडासँग सिधा यातायात सम्पर्क स्थापित गरेको छ", उहाँले भन्नुभयो, "घुमाउरो सडकमा यात्रा गर्नुपर्ने बाध्यता हटेको छ ।" बरंजाका बासिन्दालाई म्याग्दी नदी पारि रहेको बाबियाचौर गाडी चढेर पुग्न बेनीबजार पुगेर ४० किलोमिटरभन्दा बढी घुमाउरो यात्रा गर्नुपर्ने समस्या थियो ।

मङ्गला गाउँपालिकाको वडा नं ३ र ४ बरंजा तथा वडा नं ५ अर्मनका दुई हजार पाँच सयभन्दा बढी घरधुरी लाभान्वित भएका छन् । मङ्गला गाउँपालिका-५ अर्मनका वडाध्यक्ष भूपेन्द्र खत्रीले औपचारिक हस्तान्तरण हुन बाँकी भए पनि पुलबाट यातायातका साधन आवतजावत गरेका बताउनुभयो । "म्याग्दी नदीबाट जोखिम मोलेर सवारीसाधन तार्नुपर्ने समस्या हटेको छ", उहाँले भन्नुभयो, "स्थानीयवासीलाई आवतजावतका साथै कृषि उपज निकासी, दैनिक उपभोग्य र खाद्यान्न तथा निर्माण सामग्री ढुवानीमा सहज भएको छ ।" भरियामार्फत झोलुङ्गे पुल तारेर सामान वारपार गराउनुपर्ने बाध्यता हटेको छ । अर्मन र बरंजामा सडक निर्माण भए पनि मोटरेबल पुल नहुँदा स्थानीयवासी यातायात सुविधाबाट बञ्चित थिए ।

बिरामीलाई समयमै अस्पताल पुर्‍याउन सहज भएको पखेरका बासिन्दा समबहादुर थापाले बताउनुभयो। पुल बनेसँगै पखेरमा यसअघि प्रतिमिटर रु ४० हजारका दरले बिक्री हुने घडेरीको मूल्य बढेर प्रतिमिटर रु दुई लाख पुगेको उहाँले बताउनुभयो । तीन पिलर भएको माटेबगर-पोक ८० र चार पिलर भएको फापरखेत-पखेर जोड्ने पुल एक सय १७ मिटर लामो छन् । दुईवटै पुल ११-११ मिटर फराकिलाछन्।रङरोगनभइसकेको पुललाई जोड्ने पहुँचमार्गलाई अन्तिम रुप दिने काम भइरहेको छ। दुईवटै पुल निर्माणका लागि विसं २०७५ पुसमा लुम्बिनी-प्राकृतिक जेभी र सडक डिभिजन कार्यालय बागलुङबीच रु २२ करोडमा ठेक्का सम्झौता भएको थियो । विसं २०७७ पुस २५ मा सम्पन्न गर्ने लक्ष्य थियो ।

निर्माण व्यवसायीले पर्याप्त उपकरण, मजदुर परिचालन गर्न, निर्माण सामग्री जुटाउन नसक्नु, कोरोना भाइरसको महामारी र बाढीका कारण लक्ष्यभन्दा दुई वर्ष ढिला गरी पुल निर्माण सकिन लागेको हो । विसं २०७८ माघमा फापरखेत-पखेर पुल ढलानका क्रममा फर्मासँगै पुल दबेपछि विवाद र छानबिन गर्नुपर्दा ढिलाइ भएको निर्माण कम्पनीका प्रतिनिधिको भनाइ छ।

# मनाङवासी यार्सागुम्बा टिप्न हिमाली भेगतर्फ

**पोखरापत्र संवाददाता**
मनाङ, १३ बैशाख

बहुमुल्य जडीबुटी यार्सागुम्बा सङ्कलनका लागि मनाङवासी लेकतर्फ लागेका छन् । आम्दानीको स्रोतका रूपमा रहेको औषधिजन्य जडीबुटी यार्सागुम्बा सङ्कलनका लागि उनीहरु यतिबेला जिल्लाका विभिन्न ठाउँ पुगेका छन् ।

मौसम अनुकूल भएसँगै मनाङवासी यार्सागुम्बा सङ्कलनमा व्यस्त हुन थालेका छन् । मनाङवासीको आयस्रोत कृषि तथा जङ्गली औषधिजन्य जडीबुटी हो । जडीबुटी सङ्कलनका लागि नासों गाउँपालिकाअन्तर्गत पहिलो चरणमा यार्सागुम्बा टिप्न नाम्के खर्क मनाङवासी पुगेका छन् । यससँगै माथिल्लो मनाङअन्तर्गत खाङ्सारखर्क र नारफुखर्क पुगेर मौसम र समयका आधारमा यार्सागुम्बा टिप्नने गरेको स्थानीय बताउँछन् । चामे गाउँपालिका-४ जगबहादुर गुरुङ भन्नुहुन्छ, "अहिले उपयुक्त मौसम भएकाले यार्सागुम्बा टिप्न लेकतर्फ जाँदै छौं ।" जडीबुटी सङ्कलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको बैठकले यार्सागुम्बा सङ्कलन गर्न इजाजत प्राप्त भएपछि समितिमार्फत पूर्जी दिने निर्णय गरिएको थियो। बैठकको निर्णयबमोजिम नै यार्सागुम्बा सङ्कलन गर्न पाउने भएपछि मनाङवासीलाई चटारो छ । जडीबुटी सङ्कलन मनाङवासीको मुख्य आयस्रोत मानिन्छ । यार्सा सङ्कलनका लागि जिल्लावासी मात्रै नभएर बाहिरी जिल्लाबाट पनि यहाँ आउने गर्दछन् ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले यार्सागुम्बा सङ्कलकको सुरक्षाका लागि आवश्यक व्यवस्था गरिएको बताउनुभयो । नाम्के खर्कबाट यार्सागुम्बा सङ्कलन थालिएको छ । नारफु र माथिल्लो मनाङको खाङ्सार खर्कमा पनि यार्सा सङ्कलन गर्न सकिने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । असार पहिलो हप्तासम्म यार्सा सङ्कलन गरिनेछ । मनाङ बाहिरबाट यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलन र खरिद गर्न आउने व्यक्तिले अनिवार्यरूपमा कोभिड-१९ विरुद्धको खोप लगाएको परिचयपत्र लिएर आउनुपर्ने छ ।

# युवा रेडक्रस राखीको भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

नेपाल रेडक्रस सोसाईटि पोखरा २६ को युवा रेडक्रस सर्कलले नब बर्ष २०८० को अबसरमा भित्ते पात्रो बिमोचन गरेको छ।



कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि तथा पोखरा महानगरपालिका वडा नं २६ का वडाध्यक्ष नरेन्द्र थापाले रेडक्रस एक बिश्वब्यापी बिशुद्ध मानवीय सेवा गर्ने सस्था रहेकोले यसको अभियानमा सबैले साथ दिनु आजको आबश्यकता रहेको बताए। समाजमा विभिन्न खाले घटनाहरू हुने गरेकोले यस्तो घटनाहरूमा रेडक्रसले सधै सेवा गर्दै आईरहेको छ , उनले बताए।

यसैगरि बिशिस्ट अतिथिको रूपमा ने रे सो कास्की शाखाका मन्त्री सुरेन्द्र गुरूङले समुदाय स्तरमा रेडक्रसको भिन्दै महत्त्व रहेको र विशेष गरि ग्रामीण भेगमा अझ यो सस्था आबस्यक रहेको छ, विशेष गरि रेडक्रसले रक्तदान जीवन दान भन्ने बिचारले अझ मानबलाई आत्मिय बनाएको बताए। युवा रेडक्रस सर्कल राखिका अध्यक्ष बिकास रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जुनियर युवा समिति कास्किका संयोजक रमेश भण्डारी, नेरेसो कास्की शाखाका पुर्व सभापति बामदेव ढुङ्गाना, नेरेसो पोखरा २६ उप शाखाका सभापति शैलेन्द्र मोहन भट्टराई, उप शाखाका पूर्व सभापति मुरारी शर्मा, शिलिङ्गे सहकारिका अध्यक्ष ठाकुर रानाभाट, क्यालेन्डर प्रकाशन उप समिति संयोजक विशाल रानाभाट, लगाएतले कार्यक्रम माथि आ-आफ्नो धारणा तथा शुभकामना ब्यक्त गरेका थिए ,भने कार्यक्रममा स्वागत मन्तब्य युवा सर्कलका उपाध्यक्ष शिव चन्द राजभाटले गरेका थिए भने कार्यक्रम सन्चालन सर्कलकि सचिब तृप्ति भण्डारिले गरेकि थिईन् ।

# ढोरपाटन जोड्ने सडकको समस्या

-डम्मर बुढामगर
बागलुङ, १३ बैशाख

तराई-पहाड जोड्ने गरी निर्माण भएको सालझण्डी-ढोरपाटन सडकको 'ट्र्याक' खुलेको आठ वर्ष बितिसक्यो । राष्ट्रिय प्राथमिकताको आयोजनाका रूपमा रहेको यो सडकको बागलुङ खण्ड निकै साँघुरो र जोखिमपूर्ण छ ।

सडक स्तरोन्नति गरी ग्राभेलिङ गर्न अघिल्लो वर्ष कात्तिकमा सम्झौता भए पनि अहिलेसम्म कामले गति लिएको छैन । निर्माण कम्पनीले समयमै काम नगर्दा ढोरपाटन आउने पर्यटक र स्थानीय मर्कामा परिरहेका छन् । सडक खुलेको दशक बित्नै लाग्दा सडकको हालत उस्तै छ । रुपन्देहीको सालझण्डीदेखि सुरु भएको यस सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पा हुँदै ढोरपाटन जोडिएको छ ।

गुल्मी, अर्घाखाँची, पाल्पा र रुपन्देहीमा काम तीव्र गतिमा भएकामा बागलुङ खण्डमा शून्य प्राय छ । पहिले नै अप्ठ्यारो सडक त्यसमाथि विसं २०७७ भदौ १७ गते आएको बाढीले धेरै ठाउँमा क्षतविक्षत बनाएको थियो । अहिले दैनिक सयौँ यात्रु तथा पर्यटक यही सडकमा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । बाढीले बिगारेको सडक केही मर्मत भएकोमा यात्रा भने कष्टकर हुने गरेको छ । हिउँदमा जसोतसो यातायातका साधान चल्छ । बर्खा लाग्यो भने ठप्प हुन्छ । यस वर्ष निर्माण कम्पनीले काम नगरे यस क्षेत्रका हजारौँ स्थानीय गाडीमा यात्रा गर्नबाट वञ्चित हुनेछन् ।

हिउँदा ठूलो वर्षा हुँदा गाडी राम्रोसँग चल्न सक्दैन । सडक समयमै स्तरोन्नति नहुँदा खासगरी ढोरपाटन नगरपालिका-६, ७, ८ र ९ का स्थानीय बढी मर्कामा पर्छन् ।

सडक सहज नहुँदा स्थानीयवासीलाई पालिकाको केन्द्र बुर्तिबाङ आउजाउमा समस्या छ । सडक साँघुरो र अप्ठ्यारो हुँदा स्थानीय र पर्यटक जोखिम मोलेर यात्रा गर्न बाध्य भएको स्थानीय सोमबहादुर विकले बताउनुभयो । विकले सडक खुलेदेखि अहिलेसम्म दर्जन बढी गाडीदुर्घटनामा पर्दा धेरै ज्यान गुमाउनु परेको भन्दै सरोकारवाला निकायले ध्यान नदिँदा यतिका वर्षसम्म आफूहरूले समस्या भोग्नु परेको गुनासो गर्नुभयो । विक भन्नुहुन्छ, "ढोरपाटनमा दैनिक पर्यटक घुम्न आउँछन्, सडक राम्रो नहुँदा कतिपय डराएर बीच बाटोबाटै फर्किन्छन्, ढोरपाटन पुगेकाठाउँठाउँमा गाडी बिगारेर बसेका हुन्छन्, यहाँका स्थानीय सधैँ ढोरपाटन जाने र बोबाङ, बुर्तिबाङ झर्ने गर्छन्, अझ बढी ढोरपाटनमा उत्पादन भएका स्याउ, आलु र सिमी बजारसम्म पुर्‍याउन समस्या भएको छ, नेताहरू आउँछन्, बनाउँछम् भन्छन्, यो सडकको अवस्था उस्तै छ ।" एक सय ९० किलोमिटरको यस सडकको झन्डै ५० किलोमिटर खण्डमात्रै बागलुङमा पर्छ । यो सडकले बागलुङको बडिगाड गाउँपालिका, निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिका जोडिएका छन् । सडकको स्तरोन्नतिको काम रुपन्देही र अर्घाखाँची क्षेत्रमा मात्रै हुँदा यस क्षेत्रका नागरिकले समस्या भोग्नु परेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताउनुभयो । उहाँले निर्माण कम्पनीले अटेरी गर्दा यस क्षेत्रका नागरिकले सास्ती खेप्नु परेको बताउनुभयो ।

"देशी विदेशी पर्यटक आउने ढोरपाटनमा सडक भने निकै जोखिमपूर्ण छन्, वर्षौं भयो, सालझण्डी-ढोरपाटन सडक खुलेको अहिलेसम्म हालत उस्तै छ, सरकारले बजेट विनियोजन गरेर काम गर्न भन्छन् तर निर्माण कम्पनीले अटेरी गरिराख्छ, काम अहिलेसम्म हुन सकेको छैन", उपप्रमुख कायतले भन्नुभयो, "हामीले धेरै पटक खबरदारी गर्‍यौं तर काम भने हुन सकेको छैन, फेरि बर्खा लाग्न थाल्यो समयमै काम गरे त बर्खामा पनि यस क्षेत्रका जनताले सहज रूपमा यात्रा गर्न पाउने थिए ।" बागलुङ बजारदेखि बुर्तिबाङसम्म राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको सडकले सहज बनाइदिए पनि बुर्तिबाङदेखि ढोरपाटन भने कष्टकर नै हुने गरेको छ । सरकारले सडक स्तरोन्नतिका लागि ६० करोड रुपैयाँ विनियोजन गरेको छ । गत वर्ष बुर्तिबाङ बजारदेखि ढोरपाटन नगरपालिका-९ फल्लेघरसम्मको २२ किलोमिटर सडक स्तरोन्नति गर्न सम्झौता भए पनि अहिलेसम्म जम्मा २४ प्रतिशत मात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका इन्जिनियर सरोज आचार्यले बताउनुभयो । यो सडक स्तरोन्नतिका लागि गत वर्ष कात्तिकमा स्वच्छन्द/ओमबुद्ध जेवी काठमाडौँले २३ करोड रुपैयाँमा जिम्मा लिएकोमा काम भने गर्न नसकेको आचार्यको भनाइ छ । ३० महिनामा सक्ने गरी सम्झौता भएको र अब एक वर्ष बाँकी रहेको आचार्य बताउनुहुन्छ । सडक चौडा, नाली निर्माण गर्ने र ग्राभेलिङका लागि निर्माण कम्पनीलाई जिम्मा दिइएको उहाँको भनाइ छ ।

इन्जिनियर आचार्य भन्नुहुन्छ, "हामीले निर्माण कम्पनीलाई काम गर्न पटक-पटक आग्रह गरिरहेका छौँ, समयमै काम गर्छौं भन्छन् तर काम गर्दैनन्, अहिलेसम्म निकै कम प्रगति देखिन्छ, अब एक वर्ष बाँकी समय छ, अहिले फिल्डमा हेर्‍यो भने काम भएको छैन, कार्यालयले गर्नुपर्ने सबै काम गरिरहेका छौँ, निर्माण कम्पनीले काम नगरेपछि गाह्रो हुँदो रैछ ।"

# पहारी थर बन्धुहरुको बृहत भेला हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख

पहारी कुल संरक्षण समिति पोखरा ६ बैदामको आयोजनामा यही आउँदो १७ गते पोखरामा पहारी थर बन्धुहरुको बृहत भेला हुने भएको छ। चैत्र २५ गते बसेको पहारी कुल संरक्षण समितिको बैठकले भेला पोखरामा गर्ने निर्णय गरेको हो ।

भेलाका प्रमुख अतिथि प्रध्यापक डा.मादब प्रसाद पोखरेल ले बंशावलि सम्बन्धि कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । कार्यक्रममा पाल्पा, सिन्धुलि, काठमाण्डौ, लम्जुङ, चितबन, डोल्पा सहित दैलेख र कास्कीका करिब तिन सय प्रतिनिधिहरुको सहभागिता रहने छ । पहारी कुल संरक्षण समिति पोखरा कास्कीका अध्यक्ष गोविन्द राज पहारीले पहारी थर अत्रि गोत्रको पहिलो पटक बंशावलि प्रकाशन गर्ने लागिएको बताए। उनले नेपाल भरि छहरिएर रहेका पहारी थरहरुको पुस्ताहरुको बारेमा जानकारी लिने र दिने गरि पहारी बन्धुहरुलाई गोलबन्ध गर्ने उद्देश्यले भेलाको आयोजना गर्ने लागिएको जानकारी दिए। पहारी कुल संरक्षण समितिका सह–कोषाअध्यक्ष तथा बशांबलि प्रकाशनका संयोजक प्रेमराज पहारीले "पहारीहरुको उदंगम स्थल अनुसन्धान गरि पत्ता लगाउने र आफ्ना पुर्खाको बारेमा बुझ्ने क्रममा पहारी थरहरको पुस्ता पानी पोखरेल बाट आएको र आफ्ना पूर्खाहरु पानी पोखरेल रहेको" अनुसन्धानको क्रममा थाहा भएको बताए । पोखरेल थर बाट आफ्ना पूर्खाहरुले थर राख्ने क्रममा पहारी थर लेख्ने गरेको स्थलगत सोधखोज सहित अनुसन्धान बाट देखिएको संयोजक पहारीले जानकारी गराए। कार्यक्रम सफल बनाउनका लागि आर्थिक संकलन, स्वागत सत्कार, आवास तथा भोजन र प्रचार प्रसार उपसमिति गठन गरि कार्य बिभाजन गरिएको पहारी कुल संरक्षण समितिका सचिब जगत बहादुर पहारीले जानकारी गराए ।

# नेपालमा बढ्दै भारतीय चलचित्रको छायाङ्कन

रासस
काठमाडौं, १३ बैशाख

केही समयदेखि नेपालमा भारतीय चलचित्र तथा शृङ्खलाको छायाङ्कन हुनेक्रम बढिरहेको छ । अङ्ग्रेजी भाषामा निर्माण हुने वृत्तचित्रले नेपाललाई छायाङ्कनस्थल बनाए पनि भारतीय चलचित्रको सङ्ख्या भने बढेको धेरै भएको छैन ।

विसं २०७८ मा 'उचाइ' चलचित्रले नेपालमा एक महिना छायाङ्कन गरेको थियो । भारतीय कलाकार अनुपम खेर, वोमन इरानी, परीनीति चोपडा, सारिका हसनजस्ता कलाकारमार्फत नेपालको राम्रै चर्चा भयो । त्यसपछि नेपालमा भारतीय चलचित्रसँगै शृङ्खलासमेत आउन थालेका छन् । गत साता मात्र काठमाडौँमा भारतीय चलचित्र 'मिराई' को छायाङ्कन भयो । त्यही समयमा भारतीय निर्देशक अनुभव सिन्हालेसमेत १० दिन एक शृङ्खलाको छायाङ्कन काठमाडौँदेखि पोखरासम्म गर्नुभयो । अभिनेता अर्जुन कपुर अभिनित 'इन्डियाज मोस्ट वान्टेड' को छायाङ्कनसमेत पोखरामा भएको थियो । यी प्रतिनिधि नाम मात्र हुन् । ससाना शृङ्खला, साङ्गीतिक भिडियो उत्तिकै सङ्ख्यामा छायाङ्कन भइरहेका हुन्छन् । नेपालमा विदेशी चलचित्रको आकर्षण बढिरहेको प्रोडक्सन डिजाइनर अरुण रेग्मीले जानकारी दिनुभयो । उहाँसहित सुरज आचार्यको कम्पनी थ्री ह्विलर्सले गएको दुई वर्षमा निर्देशक सिन्हाको शृङ्खलासँगै फर्जी, उचाइलाई नेपाल व्यवस्थापनको काम गरिसकेको छ । चलचित्र छायाङ्कनमा चाहिने सम्पूर्ण प्रबन्ध प्रोडक्सन डिजाइनरले मिलाउने गर्छन् । "विदेशी समूहसँग काम गर्दा नेपाली प्राविधिकलेसमेत सिक्न पाएँ । उहाँहरूको काम गर्ने शैली परिपक्व छ । ठूलो समूहमा कसरी काम गर्ने भन्ने सिकिन्छ", प्रोडक्सन डिजाइनर रेग्मीले भन्नुभयो । विशेषतः विदेशबाट नेपालमा छायाङ्कन टोली आउँदा एक सयभन्दा बढी प्राविधिक आउने गरेका छन् । उनीहरूले स्थानीयसँग सहकार्य गरेर काम गर्ने गरेका छन् । 'मिराई' को नेपाल व्यस्थापन हेरेका प्रोडक्सन डिजाइनर मनोज जोशीले काम गर्न सहज भएको बताउनुभयो । "उहाँहरुसँग काम गर्दा आफ्नो जिम्मेवारी लिएपछि ढुक्क हुन्छ । नेपाललाई मन पराएको भन्ने नै सुन्छु ।

# पहिचान बन्दै सिस्नो, बाँको र आलु

पोखरापत्र संवाददाता
बागलुङ, १३ बैशाख

वनमा खेर गइरहेको बाँको अहिले भान्सामा पुगेको छ । सिपालुको हात लागेपछि बाँको गुन्द्रुक बन्छ । बारीमा झाडी बनेको सिस्नोको माग अधिक छ । सीप सिकेका महिला सिस्नोको धुलो बनाउँछन् ।

प्याकिङपछि सिस्नो सबैको भान्सामा पुग्छ । तरकारीका लागि मात्रै प्रयोग गरिने आलु खाजा बनेको छ । चिप्स बनाएपछि आलुको मूल्य दोब्बर पर्छ । बागलुङको जैमिनी नगरपालिका-३ दमेकका उद्यमीको परिचय यिनै उत्पादनले बदलेको छ । यहाँका किसानले उत्पादन गरेको बाँको, सिस्नो र आलु चिप्सको माग बजारमा बढ्दो छ । वनजङ्गल र घरआँगनमा खेर गइरहेको सिस्नोलाई सङ्कलन गरी पाउडर बनाइन्छ । पहिले तरकारीका रूपमा एकाध प्रयोग हुने बहुगुणी सिस्नोको बजारीकरणमा जैमिनी नगरपालिकाले सघाएको छ । नगरपालिकाले सिस्नोको धुलो बनाउने आधारभूत तालिम र मेसिनसमेत सहयोग गरेपछि महिला उद्यमी उत्साहित छन् ।

"यो वर्षमात्रै दुई हजार किलो सिस्नो पाउडर तयार भयो, माग धान्नै सकिएन", गाजादह सिस्नो पाउडर उत्पादन समितिका अध्यक्ष अध्यक्ष तारादेवी पुनले भन्नुभयो, "अब सिस्नो उत्पादनमा लाग्नुपर्ने भयो ।" पहिले छुँदा पोल्ने सिस्नोलाई झाडीका रूपमा पन्छाएर आगो लगाउने किसानले अहिले सिस्नो जोगाउन थालेका छन् ।

"बाँझो जग्गामा सिस्नो लगाउने योजना छ, आफैँ उम्रिएको सिस्नोले अब पुग्दैन", पुन भन्नुहुन्छ, "सामान्य प्रचार हुँदामात्रै देश-विदेशबाट माग आयो ।" चितवन, काठमाडौँ, पोखरा र हङकङका बजारमा दमेकको सिस्नो पुगेको उहाँले बताउनुभयो । यसले स्थानीय महिलालाई आम्दानी पनि राम्रो भएको छ । पाउडरका रूपमा उत्पादन गरिने सिस्नो विभिन्न खानाका परिकारसँग खान मिल्ने र स्वास्थ्यलाई समेत फाइदा पुग्ने भएकाले माग बढ्दै गएको हो । प्रतिकेजी रु छ सय ५० मा सिस्नोको धुलो बिक्री भइसकेको पुनले बताउनुभयो ।

सिस्नोको धुलोजस्तै बाँकोको गुन्द्रुक पनि दमेकको परिचय बनेको छ । छुँदा चिलाउने बाँकोलाई किसानले सावधानीपूर्वक टिपेर गुन्द्रुक बनाउँछन् । त्यही गुन्द्रुकले प्राङ्गारिक स्वाद दिन्छ । "हामीले यो वर्ष व्यावसायिक उत्पादनको प्रयास थाल्यौँ, प्रशोधन र प्याकिङमा नगरपालिकाले सहयोग गरेको छ", स्थानीय कृष्णबहादुर छन्त्यालले भन्नुभयो, "गाउँ आउनेले बोकेर जानुहुन्छ, बजारबाट आएको माग पूरा गर्न सकिएको छैन ।"

बाँको सबै याममा पाइँदैन । किसानले वर्षायाममा जङ्गलबाट बाँको घर भित्र्याउँछन्, गुन्द्रुक बनाउँछन् । बाँकोको गुन्द्रक एक सय ग्रामलाई रु दुई सयमा बिक्री हुने गरेको छ । "धान फल्दैन, कोदो, मकै र गहुँ कम फल्छ, हाम्रो मुख्य उत्पादन आलु हो, अहिले गुन्द्रुकले आम्दानीसँग जोडेको छ", छन्त्यालले भन्नुभयो । खानाको स्वादका लागि निकै राम्रो मानिने दमेकको आलुले पनि स्वरुप फेरिएपछि मूल्य पाउन थालेको छ । किसानले बर्सेनि उत्पादन गर्ने आलु कहिले खाद्यान्नसँग साटेर त कहिले बिक्री गरेर खर्च चलाउँथे । पछिल्लो समय वडा र नगरले चिप्स बनाउन सिकाएको छ । किसानले आलुको चिप्स बनाउन थालेपछि आलुको सटही र बिक्री गर्दाभन्दा दोब्बर मूल्य पर्ने गरेको स्थानीय इन्दिरा थापाले बताउनुभयो । "स-साना उत्पादन गरेरै भए पनि नागरिकलाई उद्यमी बनाउने प्रयासमा छौँ", वडाध्यक्ष कृष्णबहादुर भुजेल भन्नुहुन्छ, "आलु चिप्स वडाका विद्यालय, कार्यालय र सार्वजनिक कार्यक्रममा खाजाका रूपमा प्रयोगमा ल्याएर भए पनि यसको प्रवर्द्धन गर्छौं ।"

# विद्यार्थीलाई निःशुल्क कम्प्युटर तालिम

पोखरापत्र संवाददाता
गोरखा, १३ बैशाख

गोरखाको गण्डकी गाउँपालिकाले पालिकाभित्र माध्यामिक शिक्षा परीक्षा (एसइई) सकाएर बसेका विद्यर्थीका लागि निःशुल्क आधारभूत कम्युटर तालिम सञ्चालन गरेको छ ।

यसका लागि गाउँपालिकाले दुई महिने आधारभूत कम्युटर तालिम सम्बन्धी पाठ्यक्रम नै बनाएको छ । गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयबाट एसइई दिएर बसेका विद्यार्थीलाई कम्युटर तालिम सञ्चालन गरेको गाउँपालिका अध्यक्ष दीपक तिमिल्सेनाले जानकारी दिनुभयो । गाउँपालिकाले पालिकाभित्र अध्ययनरत सबै विद्यार्थीलाई प्राविधिक क्षेत्रको बारेमा दक्ष बनाउँदै उनीहरूको क्षमता विकासमा सहयोग पुर्‍याउने उद्देश्यले निःशुल्क कम्युटर तालिम सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो । "शिक्षामा समानताको कुरा गरिए पनि सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले अझैपनि कम्युटरसँग खेल्न पाएका छैन, कम्युटर सिकाइको अवसर पाउन सकेका छैनन्, उहाँले भन्नुभयो, "एसइईपछि नतिजा नआउँदासम्मको खाली समयमा खेर फाल्न दिनुहुदैन भन्ने उद्देश्यसहित तालिम सुरु गरिएको हो ।" गाउँपालिकाको वडा नं ८ स्थित ज्ञानमार्ग माध्यामिक विद्यालयमा तालिम सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । निजी तालिम केन्द्रमा गएर कम्युटर सिक्दा विद्यार्थीले महँगो शुल्क तिनुपर्ने भएकाले पनि गाउँपालिकाले निःशुल्क तालिमको सुरु गरेको उहाँको भनाइ छ । गाउँपालिकाले ४० पिरियडको पाठ्यक्रम निर्माण गरी कक्षा सञ्चालन गर्न सुरु गरेको छ । कम्युटर शिक्षकलाई गाउँपालिकाले नै तलब उपलब्ध गराउने छ, उहाँले भन्नुभयो,"यसैबाट गण्डकी गाउँपालिकाभित्रका विद्यार्थीलाई कम्युटर विषयमासमेत दक्ष बनाउन मद्दत पुग्छ भन्ने हाम्रो विश्वास छ ।" तालिममा गाउँपालिकाभित्र रहेका आठ माध्यामिक विद्यालयका करिब एक सय ५० भन्दा बढी एसइई दिएर बसेका विद्यार्थीको सहभागिता रहेको गाउँपालिका अध्यक्ष तिमिल्सेनाले जानकारी दिनुभयो । पालिकाभित्रका माविमा सङ्घीय सरकारबाट अनुदानमा प्राप्त भएको कम्प्युटरको सही सदुपयोग होस् भन्ने उद्देश्यले पनि तालिम सञ्चालन गरिएको जनाइएको छ ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०१/१४**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा ऋणको तिर्नु पर्ने भाखा भित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराई ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ताकेता गर्दा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा पुनः यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| | शेर बहादुर कमरको बुहारी मिठुलाल कमरको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ घर भै हाल पोखरा म.न.पा.- ३० बस्ने<br>**ऋणी : माया कमर**<br>**धनजमानत** : शेर बहादुर खाँण ठकुरीको नाती मठिुलाल खाँण ठकुरीको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.-९ घर भै हाल पोखरा म.न.पा.- ३० बस्ने **बिराज खाँण ठकुरी**<br>**धनजमानत** : मठिुलाल खाँण ठकुरीको बुहारी बिराज खाँण ठकुरीको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.-९ घर भै हाल पोखरा म.न.पा.-३० बस्ने **चेतकुमारी खाँण ठकुरी** | **माया कमर**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक शिशुवा गा.वि.स. वडा नं. ९ क कित्ता नं. ३५११ को क्षेत्रफल ०-७-१-० उक्त जग्गामा बनेको घर समेत |

नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ROYAL
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center:
•Dulegaunda, Tanahun ☎ 065-4114490
•Bhandradhik, Kaski ☎ 061-561775
•Mohoriya, Kaski ☎ 061-560903